नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np

च.नं.
प.स. २०८२/०८३

## हार्दिक धन्यवाद

पाल्पा जिल्लामा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा मतदानको कार्य शान्तिपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न भएको छ । यस जिल्लामा मतदानको कार्यलाई शान्तिपूर्ण र सुव्यवस्थित बनाउन सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु। ।

निर्वाचन आयोगबाट भएको निरन्तर सहयोग र समन्वय प्रति आभार प्रकट गर्दै निर्वाचनलाई सुव्यवस्थित बनाउन निरन्तर मार्गदर्शन गर्नुहुने माननीय गृहमन्त्रीज्यू, श्रीमान गृहसचिवज्यू, लुम्बिनी प्रदेशका प्रमुख सचिवज्यू, प्रदेश सरकारका सचिवज्यूहरु तथा प्रदेश सुरक्षा प्रमुखज्यूहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

साथै निर्वाचनलाई मर्यादित बनाउन योगदान पुऱ्याउनुहुने मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, जिल्ला निर्वाचन अधिकारी, निर्वाचन कार्यमा खटिनुहुने सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, मतदाता, सुरक्षाकर्मी, सञ्चारकर्मी, यातायात व्यवसायी, पर्यवेक्षक, नागरिक समाज एवं निर्वाचन व्यवस्थापनको काममा अहोरात्र खटिनुहुने सबै राष्ट्रसेवक तथा सम्पूर्ण सरोकारवाला महानुभावहरुप्रति कृतज्ञ छु ।

साथै मतदानपछिको मतगणनाको कार्य र विजयी उत्सवका कार्यक्रमहरुमा समेत निर्वाचन आचारसंहिताको पालना गर्दै जिल्लाको शान्ति सुरक्षालाई थप मजवुत बनाउन जिल्लास्थित सम्बन्धित सबै पक्षबाट स्थानीय प्रशासनलाई पूर्ण सहयोग रहने विश्वास समेत लिइएको छ ।

Binu 2082/11/29

बिनु बज्राचार्य कुँवर
प्रमुख जिल्ला अधिकारी
मिति २०८२।११।२१